नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

२०८१/१०/१५

## अनुसन्धानमूलक कार्यपत्र आव्हान सम्बन्धी सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०८१ फागुन १६ र १७ मा आयोजना गर्न लागेको राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१ मा प्रस्तुतीकरण तथा प्लेनरी सेसनको माध्यमबाट वहस हुने विषय (Themes/Sub themes) मा अनुसन्धानमूलक कार्यपत्र आव्हान गर्ने निर्णय भएको छ । अत: तपसिल वमोजिमका २ विषय (Themes) मा सम्वन्धित Sub themes समेत समेटेर अनुसन्धानमूलक कार्यपत्र प्रस्तुत गर्न चाहनु हुने विषय विज्ञ/अनुसन्धानकर्ता महानुभावहरुलाई सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा प्राप्त हुने गरी देहाय वमोजिमको ढाँचामा अनुसन्धानमूलक कार्यपत्र उपलब्ध गराउन हुन हार्दिक अनुरोध छ ।

तपसिल:

| | |
|---|---|
| १. आन्तरिक रोजगारी श्रृजनाका लागि सम्भावित क्षेत्रको पहिचान र प्रवर्द्धन | • कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिष्पर्धी क्षमता अभिवृद्दि मार्फत आन्तरिक रोजगारी प्रवर्द्धन,<br>• आन्तरिक रोजगारी प्रवर्द्धनका लागि उद्योगको विकास तथा विस्तार (स्वदेशी र वैदेशिक लगानी समेत),<br>• पर्यटन प्रवर्द्धन मार्फत रोजगारीका अवसरहरुको श्रृजना,<br>• ICT लगायत सेवा क्षेत्रमा रोजगारी प्रवर्द्धन,<br>• आन्तरिक रोजगारी श्रृजना तथा प्रवर्द्धनका सम्बन्धमा नीतिगत व्यवस्था तथा कार्यदिशा |
| २. श्रम आप्रवासन व्यवस्थापनका विविध आयामहरु | • अन्तराष्ट्रिय सन्धी सम्झौता तथा बहु/दुईपक्षीय श्रम सम्झौता<br>• श्रम आप्रवासन सुशासन तथा व्यवस्थापन<br>• श्रम आप्रवासन नीतिगत तथा संरचानगत व्यवस्था र आगामी कार्यदिशा |

(१) कार्यपत्रको ढाँचा

(क) शीर्षक (Heading),

(ख) लेखसार (Abstract) १५० शब्दसम्म

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

(ग) मुख्य शब्दावली (Keywords) ५ शब्दसम्म

(घ) पृष्ठभूमि (Background)

(ङ) अध्ययनको उद्देश्य (Objective of the Study)

(च) सम्वन्धित साहित्यको पुनरावलोकन (Literature Review)

(छ) अध्ययन विधि (Methodology)

(ज) तथ्याङ्क प्रस्तुती र विश्लेषण (Data Presentation and Analysis)

(झ) प्राप्ति र विश्लेषण (Result and Discussion)

(ञ) निष्कर्ष (Conclusion)

(ट) कृतज्ञता (Acknowledgment)

(ठ) सन्दर्भ सामग्री (References)

(२) ३ हजार देखि ५ हजार शब्दसम्म (सन्दर्भ सामग्रीबाहेक) हुनुपर्नेछ।

(३) कृति समीक्षा १ हजार देखि २ हजार शब्दसम्म हुनुपर्ने।

(४) नेपाली भाषामा भए Kalimati Font, Size 12', अंग्रेजीमा भए New Times Roman Font, Size 12'

अन्य माध्यमबाट प्रकाशन गरिएका वा प्रस्तुतीकरण गरिएका कार्यपत्रको हकमा सम्वन्धित प्रकाशक वा निकाय/संस्थाको पूर्व स्वीकृति लिईएको हुनुपर्नेछ ।

तोकिएको मितिभित्र nationalemploymentconf2081@gmail.com वा info@pmep.gov.np मार्फत् कार्यपत्र पठाउनुपर्नेछ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन-२०८१ आयोजना मूल समिति‌को सचिवलाय

सिंहदरबार, काठमाण्डौं ।

०१-४२००४७७